प्रवाह

मण्डलीमा आत्मिक वृद्धिको प्रारम्भ

रेभ. पावल बकनेल

# चेलापनको योजना

२ तिमोथी २:२

चेलापन कार्यक्रम कसरी शुरु गर्ने र कायम राख्ने ।

चेलापनको गम्भिरता

- किन परमेश्वरका मानिसहरु पहिलो वा दोश्रो पुस्तामा नै बिश्वासबाट पछि हट्छन् ?

| | |
|---|---|
| पहिलो पूस्ता<br>उत्साहित | परमेश्वरको डर र आज्ञापालन<br>(भित्री इच्छाले जीवनलाई आकार दिन्छ ।) |
| ↓ | ↓ |
| दोश्रो पूस्ता<br>सभ्य | आज्ञापालनमा खोट<br>(सजिलो कुराको ढांचामा) |
| ↓ | ↓ |
| तेश्रो पूस्ता<br>भ्रष्ट | आज्ञा त्याग्नु<br>(अस्वीकार गर्नु) |

❖ व्यक्तिगत सोंचबिचार - के हामी केही केही फरक छौं ?

बिश्वासयोग्य चेलापनले सधैं परमेश्वरले जे चाहनु हुन्छ त्यही गर्ने हृदयलाई सुम्पिन्छ । तिनीहरुले सधैं प्रेरणा साथै आज्ञाकारिताको वास्ता गर्छन् ।

न्याय कर्ता २:१० -१९

१. परमेश्वरलाई भुल्छन् । -आफै माथि भर पर्ने)
२. परमेश्वरलाई त्याग्छन् । -दुष्ट हृदय)
३. परमेश्वरले कठिन परिस्थीति ल्याउनु हुन्छ । (दुखित तुल्याईएका)
४. परमेश्वरले उद्धारकहरुलाई उठाउनुहुन्छ । (गोहार गर्छन् । )
५. शान्तिमा पूनस्थापना हुन्छन् । (धन्यवादी)
   यो क्रम जारी रहन्छ ।

आउनु होस् हामी दोश्रो तिमोथी २:२ लाई हेरौं र कसरी चेला बनाउने बारे बुझ्ने प्रयास गरौं

धेरैजना साक्षीहरुका उपस्थीतिमा तिमीले म बाट जे कुरा सुनेका छौ ति अरुहरुलाई पनि सिकाउन सक्ने बिश्वासयोग्य मानिसहरुलाई सुम्पिदेउ । (२ तिमोथी २:२)

क. सूसमाचारको बिषयबस्तु - जे कुराहरु......... (२ तिमोथी २:२)

- ति कुराहरुको परिभाषा दिनुहोस् । (दोश्रो तिमोथी १:१०)

- विवेक पुर्ण शब्दहरुको स्तर (दोश्रो तिमोथी १:१३-१४

- ति कुराहरु के के हुन् जुन परमेश्वरले हामीलाई सुम्पिदिनु भएको छ ?

❖ व्यक्तिगत चिन्तनः
  - के म सिक्न लायक छु ?
  - के मैले सिकेको छु ?
  - अरुहरुबाट मैले के के सिक्न आवश्यक छ ?
  - परमेश्वरले अहिले मलाई के सिकाउने प्रयास गर्दै हुनुहुन्छ ?

ख. अरुको लागि तालिम :
धेरैजना साक्षीहरुका उपस्थितिमा तिमीले म बाट जे कुरा सुनेका छौ ।
- सञ्चार गरिनुको आवश्यकता

- पूर्ब परिभाषित गरिएको : आधुनिकता होईन ।

- पारस्परिक उत्तरदायित्व

- धेरैलाई सिकाईएको ।

❖ व्यक्तिगत चिन्तन
  - के हामी स्वतन्त्र बैचारीक भएकोमा घमण्ड गर्छौं ?
  - के हामी धेरैजसो आफ्नो बिचारहरु लागु गर्न चाहन्छौं कि परमेश्वरका बिचारहरु ?
  - के हामी लुकेर वा खुलेर स्वीकार गरिएको, धनि वा प्रख्यात हुने महत्वकाक्षां बोकेका त छैनौं ?

  "हामी जति परमेश्वरको सत्यतालाई हाम्रा वरिपरीकाहरुसित बिश्वासयोग्य तरिकाले सुम्पन्छौं त्यति नै सफलता प्राप्त गर्छौं ।"

ग.हाम्रो हृदयको सिकाउन सक्ने सामर्थ्य
"बिश्वासयोग्य मानिसहरुलाई सुम्प"
- पुरुषहरु - स्त्री को बारेमा नि ?
- बिश्वासयोग्य - के सबैलाई चेला नबनाउने ?
- म पाष्टर होईन । के यो अरुहरुको पनि उत्तरदायित्व हो ?एफिसी ४:१२
-

गुणात्मक बृद्धिको हौसला
त्यो मानिस जसमा असल माटोमा बिउ छरिएको थियो त्यो त्यही मानिस हो जसले बचन सुन्छ, बुझ्छ र सय गुणा साठी गुणा फल फलाउंछ ।

व्यक्तिगत चिन्तन
- कहिल्यै चेला नबनाईएको (अचम्म, सामान्य)
- चेला बनाईएको

घ. चेला निर्माण गर्ने प्रक्रिया
"जसले अरुलाई पनि सिकाउन सक्छन्"

- उत्पादन गर्ने प्रक्रिया असल हो ।

- सक्कलीको प्रतिलिपि

- उत्पादन गर्नका लागि तालिम
- गुणात्मक बृद्धि

- सय जना बिश्वासीको लागि चेला बनाउने योजना १

बिस्तारै शुरु गर्नुहोस् । केवल एक जना संग मात्र दर्शन छ । एक जनाले दुई जनालाई तालिम दिंदै शुरु गर्छ । दुई महिनाको अन्त्यमा तिन जना तालिम दिने व्यक्ति हुनेछन् । अब यि तिनै जनाले दुई दुई जनालाई सजिलै संग तालिम दिन सक्नेछन् ।

- अझै जटिल चेलापन तालिम
-

व्यक्तिगत चिन्तन

- येशूले हामीलाई चेला बनाउने आज्ञा दिनु भयो ।
- के हामी उहाँको अन्तिम आज्ञालाई बेवास्ता गर्ने साहस गर्छौं र ?
- जब हामी ख्रीष्टको आज्ञा पालन गर्छौं देशहरु र राष्ट्रहरु उहाँमा जित्न सक्छौं ।
- के ख्रीष्टको आज्ञाले ति "बिश्वास योग्य मानिस" हुनको लागि हामीलाई बाध्य बनाउने समय यो होईन र ?

उहांको काममा बिश्वासयोग्य हुंदै जाऔं ।